नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ, ललितपुर)

☎०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी
भक्तपुर

सूचना नं.: ०१

# सुचिकृत हुन तथा कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/०८)

प्रचलित नियम कानुन र स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरु अनुसार संचालन हुने राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम , कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर को आ.व.२०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा संचालित विभिन्न वालीका जोन( व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र ) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राविधिक एकाइ ललितपुर वा काठमाण्डौं मा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अर्थात् मिति २०८२ भाद्र ११ गते भित्र (अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट) तोकिए बमोजिमको लागत सहभागिता सहितको अनुदानमा संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्वन्धित जोनमा सूचिकृत हुन तथा सुचिकृत कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुलाई आफ्नो बिवरण अध्यावधिक गराउनु भइ सूचीकरण नविकरण गराई सूचना बमोजिमको कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

| क्र. सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान बिवरण | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (पुंजीगत) | संख्या | २० | २० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -बाँध, नहर, कुलो, पैनी, स्यालो टयुवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की संरचना निर्माणका लागि<br>- सिंचाईको लागि आवस्यक पाइप,मोटर सेट ,प्लास्टिकको टयांकी ,थोपा सिंचाई सेट जडान लगायतका सामग्री समेत<br>-कम्तिमा ५ रोपनी क्षेत्रमा सिंचाई हुनुपर्ने<br>-थोपा सिंचाई सेट जडानको हकमा कम्तिमा २ रोपनी वा |

२०८२/४/८
1

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सो भन्दा बढी क्षेत्रमा सिंचाई हुने सुनिश्चितता हुनु पर्ने । |
| २ | पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण,प्याकेजिङ,लेवलिङ,बजारीकरण तथा प्रसोधन सहयोग कार्यक्रम | संख्या | [illegible] | १५ | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिम (५० देखि ८५ प्रतिशत अनुदान ) | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | -कृषि बजार निर्माण , भण्डारण पुर्वाधार निर्माण , कृषि तथा पशु उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना आदिका लागि पुँजीगत अनुदान<br>-मूल्य शृंखला अभिवृद्धिका लागि सहयोग पुग्ने यन्त्र उपकरण(डिस मिल,काम्बाइन मिल, डिजिटल तराजु लगायत अन्य सामाग्रीहरु)<br>-बजारीकरणका लागि आवस्यक क्रेट,प्याकजिंग बक्स आदि |
| ३ | च्याउ (कन्ये, गोब्रे, सिताके) उत्पादनका लाग सेमी हाइटेक संरचना निर्माण | संख्या | ४ | २० | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा ५ लाख | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | च्याउ (कन्ये, गोब्रे, सिताके) उत्पादनका लागि तोकिएको ढांचामा सेमी हाईटेक संरचना निर्माण आदिका लागि पुँजीगत अनुदान |
| ४ | आलु /तरकारी /दूधजन्य उत्पादन /च्याउ लगायत अन्य कृषि उपजको बीउ उत्पादन,प्रशोधन पूर्वाधार निर्माण एवं बजारीकरण सहयोग | संख्या | १ | २० | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिम (५० देखि ८५ प्रतिशत अनुदान ) | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | - बिउ उत्पादन एवं उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना आदिका लागि पुंजीगत अनुदान<br>-मूल्य शृंखला अभिवृद्धिका लागि सहयोग पुग्ने संरचना निर्माण ।<br>-बजारीकरणका लागि आवस्यक प्याकजिंग हाउस एवम कोल्ड रुम निर्माण । |
| ५ | मल्चिंग प्लास्टिक तथा ग्रीन नेट \इन्सेक्त नेट सहयोग कार्यक्रम | पटक /संख्या | १ | ८ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |
| ६ | साझेदारीमा परिमार्जित संरक्षित सरचना निर्माण तथा उत्पादन प्रदर्शन कार्यक्रम | पटक /संख्या | ५ | १० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान वा प्रति | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी | -का.का.ए. भक्तपुरले तोकिए बमोजिमको ढांचामा संरचना निर्माण गर्नुपर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कार्यक्रम कार्यालय एकाइ
भक्तपुर

चुडामणि भट्टराई २०८१/४/८
कृषि अधिकृत

CS Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आयोजना बढीमा २ लाख | तथा आलु जोन क्षेत्रहरुमा | -तोकिए बमोजिमको क्षेत्रफलमा बनाउनुपर्ने ।<br>-सिकाई केन्द्रको रुपमा बिकास हुन सक्ने र व्यवसायलाई दिगोरुपमा निरन्तरता दिन सक्ने । |
| ७ | स्थानियस्तरमा नर्सरी/सेड हाउस स्थापनामा सहयोग (जोनको कमाण्ड क्षेत्र भित्र ) | पटक | ५ | १० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान वा प्रति आयोजना बढीमा २ लाख | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -का.का.ए. भक्तपुरले तोकिए बमोजिमको ढांचामा संरचना निर्माण गर्नुपर्ने ।<br>-तोकिए बमोजिमको क्षेत्रफलमा बनाउनुपर्ने । |
| ८ | कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रम- उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | पटक | ३५ | १४० | -प्रति प्रस्ताव बढीमा ४ लाख रुपैया सम्म वा स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा ५० प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८१ को दफा ६ मा उल्लेख भए बमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिने।<br>-कार्यविधि संशोधन भइ आएको खण्डमा सोहि अनुसार हुने<br>-१८ देखि ५० वर्ष पुरा नभएका उमेर समूहभित्रका मात्र |
| ९ | तरकारी जोन लागु भएका जिल्लाहरुमा व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम - व्यवासायिक प्याज प्रवर्द्धन कार्यक्रम | पटक | ३ | १०.८ | स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -मागको आधारमा |
| १० | राँगा/भैंसी प्रवद्धन कायक्रम- मासु निर्यात अभिबृधिका लागि राँगा/भैंसी प्रवद्धन कायक्रम | पटक | ३ | ३० | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिमं वा स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -मागको आधारमा |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ भक्तपुर

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो स्वास्थ्य सधार कार्यक्रम -प्राङ्गारक मल/ भर्मी कम्पोष्ट/जैबिक मल वा बिषादि उत्पादन उद्योग संचालनका लागि आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी यन्त्र उपकरण खरिदमा सहयोग | पटक | १ | १५ | स्वीकृत कार्यविधि,निर्देशिका /म्यानुअल तथा नर्मसहरुमा व्यवस्था भए बमोजिम (५० देखि ८५ प्रतिशत अनुदान ) | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | - प्राङ्गारक मल/ भर्मी कम्पोष्ट/जैबिक मल वा बिषादि उत्पादन एवं उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना आदिका लागि पुंजीगत अनुदान<br>- मेशिनरी यन्त्र उपकरण खरिदमा सहयोग |
| १२ | माटो स्वास्थ्य सधार कार्यक्रम - माटो सधारका लागी कृषि चुन /जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कायक्रमु | पटक /संख्या | ४ | ३.६ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -खेती गरिएको क्षेत्रफलको आधारमा |
| १३ | माटो स्वास्थ्य सधार कार्यक्रम- प्राङ्गारक मल/भर्मी कम्पोष्ट प्रवद्धन कायकम | पटक /संख्या | ३ | ५.४ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -माटो जांच र मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |

आलु जोन-भक्तपुर अन्तर्गत संचालन हुने (चाँगुनारायण न.पा.को सबै वडाहरु)

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत बजेट | कार्यक्रम विवरण | अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|---|

Scanned with CamScanner

| | | | | हुने कृषि यन्त्र/उपकरण/औजारहरु को खरिदका लागि पुंजीगत अनुदान |
|---|---|---|---|---|

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
[illegible]

तरकारी जोन-काठमाडौं अन्तर्गत संचालन हुने (नागार्जुन न.पा., चन्द्रागिरी न.पा. र तार्केश्वोर न.पा.को सबै वडाहरु)

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | लक्ष्य | स्वीकृत वजेट रु.लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| २७ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार(पुंजीगत ) | संख्या | १० | १० | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -कम्तिमा ५ रोपनी क्षेत्रमा सिंचाई हुनुपर्ने<br>-बाँध, नहर, कुलो, पैनी, स्यालो टयुवेल, पक्की पानी संकलन टयांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि<br>-थोपा सिंचाई सेट जडानको हकमा कम्तिमा २ रोपनी वा सो भन्दा बढी क्षेत्रमा सिंचाई हुने सुनिश्चितता हुनु पर्ने ।<br>- सिंचाईको लागि आवस्यक पाइप,मोटर सेट ,प्लास्टिकको टयांकी ,थोपा सिंचाई सेट जडान लगायतका सामग्री समेत |
| २८ | गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारी बालीहरुको उन्नत बीउ एवं बेर्ना वितरण | पटक | १ | २.१६ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारी बालीहरुको उन्नत बीउ एवं बेर्नाहरु |
| २९ | प्लास्टिक घर निर्माण सहयोग | रोपनी | १५० | २२.५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. x १२ मि. का ८ वटा टनेल हुनुपर्ने<br>- टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग |
| ३० | उन्नत प्रबिधि सहित क्षेत्र विस्तार | हेक्टर | १२ | १२ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | -सम्बन्धित बस्तु बिशेषको क्षेत्र बिस्तारको लागि बीउ/बेर्ना,प्रांगारिक मल,कृषि चुन लगायत उत्पादन सामाग्री ,पूर्वाधार एवं यन्त्र उपकरण खरिदमा सहयोग । |

CS Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १४ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान |
| ३२ | थोपा सिंचाइ प्रणाली जडान | हेक्टर | ५ | ५ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान |

CS Scanned with CamScanner

तरकारी जोन-ललितपुर अन्तर्गत संचालन हुने (गोदावरी न.पा., कोन्ज्योसोम गा.पा.,बाग्मती गा.पा.,र

## आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा सुचिकृत हुनका लागि जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी तथा कार्यक्रम मागका लागि कार्यक्रम अनुसार लाभग्राही छनौटको निर्णयको प्रतिलिपि ।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको आ.व २०८०/८१ वा अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले आ.व २०८०/८१ वा अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी ।यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि बाँकी हुनुपर्नेछ ।

पुनश्च: आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्वन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिन र प्रस्ताब दर्ता गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाई बाध्य हुने छैन ।

२०८२।४।८

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत



CS Scanned with CamScanner

- प्रस्तावित थप क्षेत्रका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्बन्धित जोनमा सूचिकृत हुन पर्ने छ ।
- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भईसकेका सम्पूर्ण कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले अनिवार्य रुपमा तोकिएको ढाँचामा विवरण पेश गरि अध्यावधिक गराउनु पर्ने छ ।
- साथै गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।
- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन । साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन । यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ ।

## आवेदन पेश गर्ने कार्यालय:

| | | |
|---|---|---|
| ार्यक्रम कार्यान्वयन एकाइ-भक्तपुर,<br>र्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर<br>सम्पर्क नंबर: ०१-५७०८१०० | जोन प्राविधिक एकाइ-ललितपुर,<br>गोदावरी न.पा.-१२, ठेचो, ललितपुर<br>सम्पर्क नंबर: ०१-५५७०२७३ | जोन प्राविधिक एकाइ-काठमाण्डौं,<br>शंखरापुर न.पा.-६, साँखु, काठमाण्डौं<br>सम्पर्क नंबर: ०१-४४५१६५२ |

२०८२।४।८

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner